**बैठक संख्या : ७६**

आज मिति २०७७/१०/२२ गते १ बजे कपिलवस्तु नगरपालिकाका नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | सबिता |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | प्रेमा देवी |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | पुष्पा |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रबिधि अधिकृत | |
| २५ | श्री तुलसा अर्याल | सहायक पाँचौ | |
| २६. | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| २७. | श्री राजेश कुमार चौधरी | इन्जिनियर | |

**बैठकका एजेन्डाहरु :**

१. तराई मधेश सम्बृद्धि कार्यक्रम अन्तर्गतका योजना छनौट (आ.व. २०७८/०७९ को लागि)।
२. आ.व. २०७७/०७८ को सडक बोर्डबाट प्राप्त थप बजेटका योजना छनौट सम्बन्धमा।
३. कन्टिजेन्सी रकमको व्यवस्थापन तथा खर्च कार्यविधि, स्वास्थ्य संस्था दर्ता, अनुमती तथा नविकरण निर्देशिका, व्यवसाय कर सम्बन्धी कार्यविधि तथा घर बहाल कर सम्बन्धी कार्यविधि पारित गर्ने सम्बन्धमा।
४. सार्वजनिक खरिद नियमावलीमा संशोधन सम्बन्धमा।
५. भूमिहिन तथा अव्यवस्थित सुकुम्बासी आयोगसँग गरको सम्झौता अनुमोदन गर्ने सम्बन्धमा।
६. अन्य विविध समसामायिक विषय।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व. २०७८/०७९ को लागि तराइ मधेश सम्बृद्धि आयोजनामा तपसिलका योजनाहरु प्राथमिकता क्रमानुसार माग गरि पठाउने निर्णय गरियो।

**तपसिल**

(१) तिलौराकोट स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ६ गोवरी
(२) वडा कार्यालय भवन निर्माण, वडा नं. ७
(३) सामुदायिक भवन निर्माण, वडा नं. १०
(४) आखाँ अस्पताल देखि वडा नं. ३ को वडा कार्यालय हुदैं कालिका संस्था सम्मको सडक
(५) डंगरी बसन्तपुर सडक
(६) अरौराकोट रेहरा सडक
(७) कपिलवस्तु बहुमुर्ख क्याम्पसमा पूर्वाधार निर्माण
(८) सामुदायिक भवन निर्माण, क.व.न.पा. ४, पटखहवा

**सीपमुलक तालिम अन्तर्गत**

(१) पलम्बिङ्ग तथा इलेक्ट्रिसियन तालिम

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा सडक बोर्ड नेपालबाट थप भएको रकम मध्येबाट तपसिलका योजनाहरु संचालन गर्ने निर्णय गरियो।

**तपसिल**

(१) जहदी, निग्लिहवा श्रीनगर कालो पत्रे सडक मर्मत
(२) बरगदवा, महुवारिया तथा भडेहर कालो पत्रे सडक मर्मत
(३) सुरेश शर्माको घर देखि मस्जिद सम्मको कालो पत्रे सडक मर्मत वडा नं. १
(४) चौबिस हजार देखि डेरवा कालो पत्रे सडक मर्मत
(५) रुधौला देखि पूर्व गोवरी जाने कालो पत्रे सडक मर्मत

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिल बमोजिमका कार्यविधिहरुलाई पारित गर्ने निर्णय गरियो।

(क) कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७
(ख) स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण निर्देशिका, २०७७
(ग) व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७
(घ) घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७

निर्णय प्रमाणित

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा कपिलवस्तु नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६, (पहिलो संशोधन २०७७) तथा फुसको छानो व्यवस्थापन कार्यविधि २०७६, (पहिलो संशोधन २०७७) लाई संशोधन गरि बनाइएको नियमावली तथा कार्यविधिलाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमि सम्बन्धी समस्या समाधान आयोगको मिति २०७७/१०/०७ को समझदारी पत्रानुसार भूमि सम्बन्धी समस्या समाधान आयोगसंग यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गरेको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**विविध समसामायिक निर्णयहरु**

**निर्णय नं. ६**

चालु आ.व. २०७७/०७८ को लागि नेपाल सरकार सशर्त अनुदान तर्फ थप भइ आएको बजेट रु. ४३ लाख २० हजार को बाडफाड स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

महिला बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा अल्पसंख्यकतको संरक्षणका लागि तपसिलका सदस्य रहने गरि स्थानीय स्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | नगर उप-प्रमुख | - संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. | शिक्षा शाखा प्रमुख | - सदस्य |
| ४. | स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| ५. | विपद हेर्ने कर्मचारी | - सदस्य |
| ६. | वडा प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| ७. | बाल कल्याण अधिकारी | - सदस्य |
| ८. | साथी संस्थाको अध्यक्ष | - सदस्य |
| ९. | नेपाल रेडक्रस सोसाइटी प्रतिनिधी | - सदस्य |
| १०. | महिला तथा बालबालिका उपशाखाको प्रमुख | - सदस्य सचिव |

**निर्णय नं. ८**

यस कपिलवस्तु नगरपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहयोगी बिजय कुमार दुवेको फाइलेरिया रोगको कारण खुट्टा अपरेसन गर्नु पर्ने भएको र निजको आर्थिक अवस्था अति कमजोर भएको हुँदा निजलाई नगरपालिकाको तर्फबाट रु. २५,०००/- (पचीस हजार) आर्थिक सहायता दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस कपिलवस्तु नगरपालिकालाई हाल सम्म पनि पूर्ण खोप युक्त नगरपालिका बनाउन नसकेको परिप्रेक्ष्यमा सबै जनप्रतिनिधी, कर्मचारी र आम नगरबासीहरुको सकृयतामा २०७८ जेष्ठ मसान्त भित्रमा यस नगरपालिकालाई पूर्ण खोप घोषणा गर्न प्रतिबद्धता जाहेर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

जिल्ला समन्वय समिति कपिलवस्तुको प.सं. ०७७/०७८ च.नं. ४२७ मिति २०७७/१०/०७ को आर्थिक सहयोग गराउने सम्बन्धमा प्राप्त पत्रानुसार रुपन्देही जिल्लाको सैनामैना स्थित देउवापार भन्ने खेल मैदानमा हुने सैनामैना गोल्डकपमा यस जिल्लाको प्रतिनिधित्व गर्ने फुलबल टीमलाई तयारी प्रशिक्षण तथा प्रतियोगितामा सहभागीताको लागि आर्थिक सहयोग उपलब्ध गराउने सन्दर्भमा यस नगरपालिकाबाट कपिलवस्तु फुटबल संघलाई आर्थिक सहायता स्वरुप रकम रु. ३० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

मिति २०७७/१०/२१ गते गोरखापत्र र कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय ईकाइ ललितपुरबाट सडक निर्माण तथा सुधारको लागि सडक पहिचान गरि प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशित भए अनुसार तपसिल बमोजिमको सडकलाई उक्त कार्यक्रम अन्तर्गत स्तारोन्नतिको लागि प्रस्ताव पठाउने निर्णय गरियो ।

**तपसिल**

(१) मैनिहवा पचेहरा सडक - १०.५ कि.मि.

**निर्णय नं. १२**

यस कपिलवस्तु नगरपालिकाको शिक्षा, स्वास्थ्य, खेलकुद, वाताबरण लगायतका क्षेत्रहरुमा सहकार्य र पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यका साथ लुम्बिनी गार्डेन फाउण्डेसनको सहयोगमा लुम्बिनी गार्डेन फाउण्डेसन, माड्रिड, स्पेन र कपिलवस्तु नगरपालिका बीच २०२० जनवरी १० मा समझदारी पत्रमा हस्ताक्षर गरि भगनी सम्बन्ध स्थापित भएकोमा नेपाल र बुद्ध सङ्ग सम्बन्धित पालिका एवम् क्षेत्रहरुको पर्यटन , कृषि , स्वास्थ्य , शिक्षा , वातावरण , खेलकुद लागायतका क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय आर्थिक प्राविधिक सहयोगका लागि विश्व शान्तिका दुत भगवान गौतम बुद्ध जन्मेको एवम् सर्बोच्च शिखर सगरमाथाको देश नेपाल भनी अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने उद्देश्यका साथ लुम्बिनी गार्डेन फाउन्डेसनले स्पेनको काथेरेसमा गराउन लागेको बुद्धमुर्ती सहितको लुम्बिनी गार्डेन परियोजनाका लागि २०२१ फेब्रवरी ४ मा काथेरेसका मेयरले यस कपिलवस्तु नगरपालिकाको नगर प्रमुखको नाममा पठाउनु भएको स्पेनमा अवलोकन भ्रमण सम्बन्धी निम्तोपत्र अनुसार नगर प्रमुख स्पेनको भ्रमणमा जानको लागि सम्बन्धित मन्त्रालय/निकायमा अनुमति तथा स्वीकृतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

हुलाकी सडकबाट पूर्ण विस्थापितहरुको पुर्नस्थापनाको लागि आठौं नगरसभाले विनियोजना गरेको रकम कम हुने देखिएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी सोही शिर्षकमा थप रु. ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस कपिलवस्तु नगरपालिकामा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सेवा करारको म्याद माघ मसान्तमा सकिएको हुदाँ हाल सम्म पनि कपिलवस्तु नगरपालिकाको कामकाजमा निजहरुको आवश्यकता रहेकोले साविककै सुविधा कायम गरी सेवा करारको म्याद २०७८ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

कपिलवस्तु नगरपालिका वडा नं. ११ को मिति २०७७/०८/१५ च.नं. ३६७ को पत्रानुसार आ.व. २०७७/०७८ मा कपिलवस्तु नगरपालिकाको सातौं नगरसभाबाट वडा नं. ११ को लागि स्वीकृत भौतिक पूर्वाधार विकास तर्फको आयोजना अन्तर्गत रेहरा गाउँको पश्चिम जाने बाटोमा कल्भर्ट निर्माण शिर्षकमा विनियोजित रकम रु. २ लाख ५० हजारले उक्त आयोजना संचालन गर्न रकम अपुग भएकोले रु. २ लाख ५० हजार पछि नगर सभाबाट अनुमोदन हुने गरी थप गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित ।
२०७७।१०।२२